फोन: ०४८-५४०११२

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

## साझेदारी बीज वृद्धि प्रवर्द्धन सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०७९/१२/१५

मन्थली नगरपालिकाको चालु आ. व २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **साझेदारीमा बीज वृद्धि प्रवर्द्धन कार्यक्रम** अन्तरगत धानको बीज वृद्धि कार्यक्रम सञ्चालन हुने भएकोले यस कार्यालयमा दर्ता/सूचिकृत भएका, बीउ उत्पादन गरिरहेका वा उत्पादन गर्न इच्छुक कृषि फर्म/कम्पनी, कृषक समूह र कृषि सहकारी संस्थाहरुलाई देहायका सर्तहरु पालना गर्नेगरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०७९/१२/२९ गते) भित्र कार्यालय समयमा आवश्यक कागजातहरु सहित यस मन्थली नगरपालिकाको कृषि विकास उपशाखामा आवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | कार्यक्रम विवरण | इकाई | परिमाण | अनुदानको विवरण |
|---|---|---|---|---|
| १ | धान बालीको मूल बीउ र बीउ उत्पादन तथा बिक्रीका लागि प्रयोग हुने सामग्रीहरु | पटक | १ | लागत साझेदारी ५० प्रतिशत वा बढीमा रु. १ लाख। |

**क. सर्तहरु :**

१. कम्तिमा २० रोपनी जग्गा हुनुपर्ने ।
२. बीज वृद्धिको लागी उपयुक्त जग्गा हुनुपर्ने ।
३. मूल बिउको व्यवस्था सम्बन्धित कृषि फर्म/कम्पनी, कृषक समूह र कृषि सहकारी संस्थाले गर्नुपर्ने।
४. बिउबिजन वासलातमा माग गरेको भए विवरण पेश गर्नुपर्ने ।
५. बिउ उत्पादन तथा बिक्री इजाजत प्राप्त गरेको हुनुपर्ने ।

**ख. आवश्यक कागजातहरुः**

१. बिउको जात र परिमाण उल्लेख भएको निवेदन।
२. संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि।
३. संस्थागत निर्णयको प्रतिलिपि।
४. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि (निवेदकको)।
५. फर्म/कम्पनीको हकमा पान नम्बर, कर चुक्ता प्रमाणपत्र ।
६. सहकारी संस्थाको हकमा मन्थली नगरपालिकामा चालु आ.व. २०७९/८० को लागि अद्यावधिक गरेको पत्रको प्रतिलिपि।
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

थप जानकारीको लागि यस कार्यालयको कृषि विकास उपशाखामा सम्पर्क राख्न सकिनेछ ।

गोविन्द कुमार कटेल
शाखा अधिकृत